केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८२।०४।०६)

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयको लागि देहायका पदमा खुला प्रतिस्पर्धाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकले सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित केराबारी गाउँपालिकाको कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

तपसिल

| क्र.सं. | पद | तह | सेवा/समूह | माग संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | मेडिकल ल्याब टेक्नोलोजिष्ट | अधिकृतस्तर सातौं | स्वास्थ्य सेवा, मेडिकल ल्याब टेक्नोलोजी समूह | १ | १२००।- | |
| २. | पशु चिकित्सक | अधिकृतस्तर छैटौं | कृषि सेवा, भेटेरिनरी समूह | १ | १०००।- | |
| ३. | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौं | स्वास्थ्य | १ | ८००।- | |
| ४. | उद्यम विकास सहजकर्ता | सहायकस्तर चौथो | विविध | १ | ८००।- | |

तपसिल :

१. **परिक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता,
२. **सेवाको किसिमः-** सेवा करार ।
३. **दरखास्त दिने अन्तिम मितिः** २०८२।०४।२० गतेसम्म । दरखास्त दिने अन्तिम दिन सार्वजानिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिन ।
४. **दरखास्त दिने स्थानः-** प्रशासन शाखा, केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरङ ।
५. **दरखास्त दस्तुर बुझाउने विधि :** केराबारी गाउँकार्यपालिकाको एन.आई.सी. एसिया बैंक, केराबारी शाखाको राजश्व खाता नं. ०५६२०५६५०१४२३००२ मा बुझाउनु पर्नेछ ।
६. **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः-** आवेदक स्वंयले प्रमाणित गरेको तपसिल बमोजिम कागजातको प्रतिलिपिहरु तथा फोटो :-

क. नेपाली नागरिकताको प्रलिलिपि,

ख. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

घ. अनुभव खुल्ने कागजातको प्रमाणीत प्रतिलिपि

ङ. पशु चिकित्सकको हकमा: प्रचलित कानून बमोजिम काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

च. स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपि ।

छ. फोटो : हालसालै खिचेको २ (दुई) प्रति फोटो ।

६. **शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा:**

क. **मेडिकल ल्याब टेक्नोलोजिष्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक उपाधी प्राप्त गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता तथा नवीकरण भएको ।

ख. **पशु चिकित्सक** : मान्यताप्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थावाट पशु चिकित्सा विषयमा B.VSc & A.H/B.V.Sc वा सो सरहको कम्तिमा स्नातक तह उत्तीर्ण गरेको ।

ग. **मनोसामाजिक परामर्शकर्ता** : मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ /मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह/ स्वास्थ्य शिक्षा विपयमा स्नातक तह उर्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उर्तीर्ण गरेको वा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उर्तीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालीम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको, कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान (Word, Excel, Power Point, Email/internet) तथा अनुभव भएको, मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमण पत्र प्राप्त भएको उम्मेद्वारलाई प्राथमिकता दिइने,

घ. **उद्यम विकास सहजकर्ता** : प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उर्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उर्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उर्तीर्ण गरेको ।

द्रष्टव्य : दरखास्त बुझाउने अन्तिम मितिसम्म जारी भएकोलाई मात्र मान्यता दिईनेछ। बिदेशी बोर्डबाट उत्तीर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

७. पाठ्यक्रमः

क. **मेडिकल ल्याब टेक्नोलोजिष्ट,** अधिकृतस्तर सातौं तह : प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशको प्रदेश निजामती तथा स्थानीय सरकारी सेवा अन्तर्गत स्वास्थ्य सेवा, मेडिकल ल्याव टेक्नोलोजी समूह, सातौं तह, मेडिकल ल्याव टेक्नोलेजिष्ट पदको अन्तर तथा खुला प्रतियोगितात्मक परीक्षाको लागि निर्धारित प्रथम तथा द्वितीय पत्रको पाठ्यक्रमबाट जम्मा १०० पूर्णाङ्क ।

ख. **पशु चिकित्सक,** अधिकृतस्तर छैटौं तह : कोशी प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ कृषि सेवा भेटेनरी समूह, अधिकृतस्तर, सातौ तहको पदको खुला तथा अन्तरस्थानीय तह तथा अन्तर तह प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम । (प्रथम पत्र र द्वितीय पत्रबाट) १०० पुर्णाङ्क

ग. **मनोसामाजिक परामर्शकर्ता,** सहायकस्तर पाँचौं तह : केराबारी गाउँपालिकाको वेवसाइटमा प्रकाशन गरिनेछ ।

घ. **उद्यम विकास सहजकर्ता,** सहायकस्तर चौथो तह : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सानोठिमीद्वारा जारी गरिएको उद्यम विकास सहजकर्ताको पाठ्यक्रम बमोजिम बहुवैकल्पिक र विषयगत गरी १०० पूर्णाङ्क ।

८. **उम्मेद्वारको उमेर** : अधिकृतस्तर छैटौं तहका लागि २१ वर्ष पुरा भई ३५ वर्ष पुरा नभएको (महिलाको हकमा ४० बर्ष पुरा नभएको) तथा सहायकस्तर पाँचौं र चौथो तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष पुरा नभएको (महिलाको हकमा ४० बर्ष पुरा नभएको) ।

९. **परीक्षा संचालन हुने मिति, समय र स्थानः-** दरखास्त फारम भर्ने अन्तिम म्याद समाप्त भएपछि कार्यालयको सूचना पाटी र वेवसाईटमा प्रकाशन गरिनेछ ।

१०. **तलबः** स्थानीय सेवाको सम्वन्धित तहको सुरु स्केल बराबरको मासिक तलब उपलब्ध गराइनेछ ।

११. **दरखास्त फारम** : दरखास्त फारम यस कार्यालयका तथा कार्यालयको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ ।

१२. म्याद नाघी आएको तथा रित पुर्वक नआएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार पदपुर्ति समितिलाई हुनेछ।यस सम्वन्धमा सर्वाधिकार छनौट तथा सिफारिस समितिलाई हुनेछ ।

१३. **पुनश्चः-** अनुभवीलाई प्राथमिकता दिइनेछ।(अनुभवको प्रमाणपत्र संलग्न भएकोमा)

१४. **पदपूर्ती सम्बन्धी थप जानकारीको लागि** : ९८५१२२८६२५, ९८५२०८०२१७

............................

संयोजक

छनौट तथा सिफारिस समिति